नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
व्यावसायिक प्रशिक्षण केन्द्र
इटहरी, सुनसरी

# तालिम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१३ गते

यस प्रशिक्षण केन्द्रबाट देहाय बमोजिमका सीपमुलक तालीमहरु निःशुल्करुपमा संचालन हुने भएको हुँदा तालीममा सहभागी हुन इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको स्थानमा आवदेन फारम भर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारबाही गरिने छैन।

| क्र.स. | तालीमका विषयहरु | तालीमको अवधी (घण्टा) | न्युनतम शैक्षिक योग्यता | अन्तर्वार्ता हुने मिति | नतिजा प्रकाशन मिति | तालीम उद्घाटन र कक्षा सञ्चालन मिति | आवेदन फारम पाइने र पेश गर्नुपर्ने स्थान | तालीम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुक | १६० | ८ कक्षा उत्तीर्ण | २०८१/१०/२८ विहान १०:३० बजे | २०८१/१०/२९ | नतिजा प्रकाशन सँगै तोकिने छ | प्रशिक्षण केन्द्र परिसर | प्रशिक्षण केन्द्र परिसर |
| २ | कटाई सिलाई वेसिक | ३९० | ८ कक्षा उत्तीर्ण | २०८१/१०/२९ विहान १०:३० बजे | २०८१/१०/३० | | | |
| ३ | मन्टेश्वरी | ३९० | एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण | २०८१/११/०१ विहान १०:३० बजे | २०८१/११/०२ | | | |
| ४ | ब्युटिसियन वेसिक | ३९० | ८ कक्षा उत्तीर्ण | २०८१/११/०२ विहान १०:३० बजे | २०८१/११/०४ | | | |
| ५ | इलेक्ट्रिसियन वेसिक | ३९० | ८ कक्षा उत्तीर्ण | २०८१/११/०४ विहान १०:३० बजे | २०८१/११/०५ | | | |
| ६ | कम्प्युटर अपरेटर | २२० | एस.एल.सी./ एस.ई.ई उतीर्ण | २०८१/११/०५ विहान १०:३० बजे | २०८१/११/०६ | | | |

## शर्तहरु:

१. प्रशिक्षार्थीले आवेदन फारम, नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाण पत्र (लब्धाङ्क र चारित्रीक) को प्रतिलिपि राखि मिति २०८१/१०/२७ गते सम्म (सो दिन बिदा परेमा भोलिपल्ट) कार्यालय समय भित्र उल्लेखित स्थानमा बुझाउनु पर्नेछ।
२. तालीम लिन इच्छुक उम्मेदवारको उमेर १८ बर्ष पुरा भएको र ४५ वर्ष ननाघेको हुनु पर्नेछ प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिनेछ।प्रशिक्षार्थी छनौट सम्बन्धि सूचना केन्द्रको सुचना पाटी, फेसबुक पेजमा र वेवसाइटमा प्रकाशन गरिनेछ।
३. तालीम सुरु भएको तीन (३) दिन भित्र उपस्थित नहुने प्रशिक्षार्थीको स्थानमा वैकल्पिक उम्मेदवारलाई तालीममा सहभागी गराइनेछ।
४. एक समुहमा औसतामा २० जना प्रशिक्षार्थी सहभागी गराइनेछ।
५. विपन्न, दलित, अपाङ्ग, शहिद परिवार, एकल महिला र पिछडिएको क्षेत्रका व्यात्तिलाई प्राथामिकता दिइनेछ।
६. बस्ने र खाने व्यवस्था प्रशिक्षार्थी आफैले गर्नु पर्नेछ।
७. तालीममा छनौट भइ मनासिब कारण बिना तालीम छोडेमा सरकारी अभिलेख राखी भविष्यमा केन्द्रबाट संचालन हुने कुनै पनि किसिमको तालीममा सहभागी गराइने छैन।
८. सार्वजनिक बिदाको दिन पनि नियमित कक्षा संचालन हुनेछ।
९. अन्तर्वार्तामा आउदा आवेदन फारम भर्दा पेश गरेको सबै कागजातहरुको सक्कल प्रति समेत लिई आउनु पर्नेछ।
१०. तालीममा सहभागि प्रशिक्षार्थीहरुलाई दैनिक रु.५०/- का दरले खाजा भत्ता उपलब्ध गराइनेछ।
११. आवेदकहरु यस अधि केन्द्रबाट संचालित कुनै पनि तालीममा सहभागि नभएको हुनु पर्नेछ।

थप जानकारीको लागि फोन नं. 025-581016, Website: vtcitahari.gov.np र Facebook page: Vocational Training Centre, Itahari

(अशोक शाह)
का.मु.केन्द्र प्रमुख

का.मु. केन्द्र प्रमुख